# याकूबको पत्र

१ [१]परमेश्वर अनि प्रभु येशू ख्रीष्टको एक सेवक याकूबद्वारा
अभिवादन।
परमेश्वरका मानिसहरू प्रति, जो संसारमा हरेक स्थानमा
छरिएर रहेका छन्। अभिवादन!

## विश्वास र ज्ञान

[२]मेरो दाज्यू-भाइ अनि दिदी बहिनीहरू, जब तिमीहरूकहाँ
नाना थरीका कष्टहरू हुन्छ तिमीहरू खुशी हुनुपर्छ। [३]किनभने
तिमीहरू जान्दछौ, कि यस्ता कुराले तिमीहरूको विश्वासलाई
जाँच गर्दछ। अनि यसले तिमीहरूमा धैर्य सिर्जना गर्नेछ।
[४]तिमीहरूले जे गर्छौ, त्यसमा तिमीहरूको पूरा धैर्यलाई काम
गर्न देऊ। तब तिमीहरू परिपक्क अनि पूर्ण हुनेछौ, तिमीहरूलाई
कुनै कुराको अभाव हुनेछैन।
[५]तर, तिमीहरू मध्ये कसैमा ज्ञानको कमी छ भने तिमीहरूले
परमेश्वरसित माँग्नु पर्छ। परमेश्वरले सबै मानिसहरूलाई उद्दार
चित्तले आनन्दसित दिनुहुनेछ। यसर्थ, परमेश्वरले तिमीहरूलाई
ज्ञान दिनुहुनेछ।
[६]तर, जब तिमीहरूले परमेश्वरसित केही कुरा माग्छौ,
तिमीहरूले विश्वास गर्नु पर्छ। परमेश्वर प्रति सन्देह नगर।
व्यक्ति, जसले सन्देह गर्छ, त्यो सागरको लहर जस्तै हो। हावाले
लहरलाई तल र माथि गराउँछ।
[७-८] व्यक्ति जसले सन्देह गर्छ, एकै समयमा दुई भिन्न
कुराहरू सोचिरहेको हुनेछन्। त्यसले गर्ने कुनै पनि कुरामा निर्णय
लिन सक्तैन। त्यस्तो व्यक्तिले परमप्रभुबाट कुनै पनि कुरा प्राप्त
गर्नेछु भनी सोच्नु हुँदैन।

## साँचो धन

[९]यदि विश्वासी निर्धन भए ऊ गर्वित हुनुपर्छ, किनभने परमेश्वरले
उसलाई धनी बनाउनु भएको छ। [१०]यदि विश्वासी धनी भए ऊ
गर्वित हुनुपर्छ किनभने ऊ गरीब छ। धनी मानिस जङ्गली फूल
सरी मर्नेछ। [११]सूर्यको उसको पोल्ने तापसित उदय हुन्छ। सूर्यको
तापले घाँसलाई ओइलाईदिन्छ। फूल झर्छ, फूल सुन्दर थियो,
तर अहिले त्यो भूँईमा झर्यो। धनी व्यक्तिसित त्यही कुरा हुन्छ।
उसको ब्यापारको योजना गर्दा गर्दै मर्छ।

## परिक्षा परमेश्वरबाट आउँदैन

[१२]त्यो मानिस धन्य हो जो आपत-बिपतमा स्थिर रहन्छ,
किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको त्यो
मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने
प्रतिज्ञा गर्नुभएको छ। [१३]यदि कुनै मानिस परमेश्वरले परिक्षामा
पार्नुभयो भने उसले यो भन्नुहुँदैन, “परमेश्वरले मलाई प्रलोभित
गराउँदै हुनुहुन्छ।” दुष्टले परमेश्वरलाई परिक्षा तुल्याउन सक्तैन।
अनि परमेश्वर स्वयंले कुनै पनि व्यक्तिलाई प्रलोभित तुल्याउनु
हुँदैन। [१४]एकजना व्यक्तिलाई आफ्नै दुष्ट कुराले प्रलोभित
तुल्याउँछ। उसको आफ्नै दुष्ट इच्छाले बाहिर तान्छ अनि
उसलाई जालमा फँसाउँछ। [१५]दुष्ट इच्छाबाट पाप जन्मन्छ।
जब पाप बढ्छ, यसले मृत्यु जन्माउँछ।
[१६]मेरा प्रिय भाई-बहिनीहरू, मूर्ख नबन। [१७]सबै असल कुरा
परमेश्वरबाट आउँछ। अनि हरेक पक्का उपहार परमेश्वरबाट
आएको हो। यी सब असल उपहारहरू उहाँ पिताबाट आउँछन्
जसले स्वर्गका सम्पूर्ण ज्योतिहरू निर्माण गर्नुभयो। तर छाँया
ती ज्योतिहरूबाट बद्लिए जस्तो परमेश्वर कहिल्यै परिवर्तन
हुनुहुँदैन। उहाँ सदैव समान रहनुहुन्छ। [१८]सत्यको वचनबाट
परमेश्वरले हामीलाई उहाँको बालक बनाउने निर्णय लिनु
भयो। उहाँले सृजना गरेको बस्तुहरू मध्ये हामीलाई सब भन्दा
महत्वपूर्ण बनाउनु इच्छा गर्नुभयो।

## सुन्नु अनि पालन गर्नु

[१९]मेरा प्रिय भाई-बहिनीहरू यसमा ध्यान देऊ, चाँडो सुन्ने,
बिस्तारै बोल्ने र ढिलो रिसाउने गर। [२०]एकजना क्रोधित
मानिस परमेश्वरले चाहे जस्तो धार्मिक भई बाँच्न सक्तैन।
[२१]यसर्थ तिमीहरूको जीवनबाट हरेक दुष्ट कुरा अनि दुष्ट कर्म
बाहिर फ्याँकिदेऊ। बिनम्र बन अनि परमेश्वरको वचन स्वीकार
जो परमेश्वरले तिमीहरूको हृदयमा रोपिदिनु भएको छ। यो
उपदेशले तिम्रो जीवनलाई बचाउँनेछ।
[२२]परमेश्वरको शिक्षा अनुशरण गर। खाली सुन्ने काम मात्र
नगर। किनभने जब तिमी बस्छौ अनि केवल सुन्छौ, तिमीले
स्वयंलाई मूर्ख तुल्याउँछौ। [२३]यदि एकजना व्यक्तिले परमेश्वरको
वचन सुन्छ अनि अनुशरण गर्दैन भने ऊ यस्तो हुन्छ ऊ त्यो

मान्छे जस्तै हुन्छ जसले आफ्नो अनुहार ऐनामा हेर्छ। [२४]यो मान्छेले ऊ आफैंलाई देख्छ, त्यस पछि जान्छ अनि ऊ कस्तो देखिएको थियो सो झट्टै बिर्सिहाल्छ। [२५]तर वास्तवमा सुखी मानिस त्यो हो जसले परमेश्वरको सही नियम पालनगर्छ, जसले मानिसहरूलाई स्वतन्त्र तुल्याउँछ। उसले त्यसलाई अध्ययन गरिरहन्छ। उसले परमेश्वरको वचन सुन्छ अनि उसले जे सुन्यो त्यो बिर्सदैन। तब वचनमा जे भनिएको छ पालन गर्छ। त्यस मानिस जसले त्यसो गर्छ, सुखी हुनेछ।

### परमेश्वरको आराधना गर्ने साँचो तरिका

[२६]कोही मानिस आफूलाई धार्मिक सम्झन सक्छ। तर यदि त्यो व्यक्तिले होशियारसित बोल्दैन भने उसले स्वयंलाई मूर्ख तुल्याइरहेको हुन्छ। उसको "धर्म" कुनै काममा आउँदैन। [२७]पवित्र अनि असल धर्म जो परमेश्वरले स्वीकार गर्नु हुन्छ त्यो यस्तो छ टुहुराहरू अनि विधवाहरू जसलाई सहायताको आवश्यकता छ तिनीहरूको हेरचाह गर अनि आफू स्वयंलाई संसारको नराम्रो जीवनबाट मुक्त राख। यो नै धर्म हो जसलाई परमेश्वरले शुद्ध अनि असल ठानेर स्वीकार गर्नुहुनेछ।

### सबै मानिसहरूलाई प्रेम गर

२ [१]मेरा प्रिय दाज्यू-भाई अनि दिदी-बहिनीहरू, तिमीहरू हाम्रा गौरवमय प्रभु येशू ख्रीष्टका विश्वासीहरू हौ। यसर्थ यस्तो नसोच कि कोही मानिसहरू अन्य मानिसहरू भन्दा मुख्य छन्। [२]मानौं, कोही एकजना तिम्रो मण्डलीभित्र प्रवेश गर्छ। उसले खूबै सुन्दर बस्त्र अनि सुनको औंठी पहिरेको छ। त्यही समयमा एक गरीब मानिस पुरानो, मैला लुगा लाएर आउँछ। [३]तिमीहरू त्यो मानिस जो सुन्दर बस्त्र लगाएको छ त्यसलाई बिशेष ध्यान दिन्छौ। तिमीहरू भन्छौ, "यो राम्रो आसनमा बस्नुहोस्।" तर गरीब मानिसलाई तिमीहरू भन्छौ, "त्यहाँ उभ्" वा "तिमीहरूको पाउ छेउको चटाईमा बस्" [४]तिमीहरू के गरिरहेछौ? तिमीहरूले कुनै एक व्यक्तिलाई भन्दा अर्को व्यक्तिलाई अधिक महत्व दिइरहेका छौ। तिमीहरूको दुष्ट मनले निर्णय लिइरहेका छौ, एक मानिस भन्दा अर्को मानिस राम्रो छ।

[५]सुन मेरा प्यारा भाई अनि बहिनीहरू, अनि यसपछि के परमेश्वरले गरीबहरूलाई विश्वासमा धनी हुन चुन्नुभएको छैन? तिनीहरूको निम्ति जसले उहाँलाई प्रेम गर्छन, परमेश्वरले ती मानिसहरूलाई उहाँले प्रतिज्ञा गर्नु भएको राज्य प्राप्त गर्न चुन्नुभयो। [६]तर तिमीहरूले गरीब मानिसप्रति सम्मान देखाउँदैनौ। अनि तिमीहरू जान्दछौ कि धनी मानिसहरू ती मानिसहरू हुनु जसले सदैव तिमीहरूलाई आफ्नो व्रशमा राख्ने कोशिश गर्छन्। अनि ती मानिसहरूनै हुन् जसले तिमीहरूलाई न्यायलय तिर पुर्‍याउँछन्। [७]अनि, यी ती धनी मानिसहरू हुन्, जसले येशूको नाउँको निन्दा गर्छन् जसद्वारा तिमीहरू बोलाइन्छौ।

[८]बरू तिमीहरू शास्त्रमा पाइने राजकीय नियम पालन गर, त्यो धर्मशास्त्रमा पाइन्छ "अन्य मानिसहरूलाई त्यसरी नै प्रेम गर जसरी तिमीहरू स्वयंलाई प्रेम गर्छौ।" यदि तिमीहरूले यो नियम पालन गर्यौ भने तब तिमीहरूले ठीक काम गर्छौ। [९]तर, यदि एक व्यक्तिलाई अर्कोलाई भन्दा अधिक महत्व दियौ भने, तिमीले पाप गर्छौ अनि परमेश्वरको राजकीय नियम भङ्ग गरेकोमा दोषी ठहरिनेछौ।

[१०]कुनै मानिस परमेश्वरको सबै व्यवस्था पालन गर्दा कुनै एउटामा चुक्यो भने त्यो मानिस जम्मै व्यवस्था भङ्ग गरेको दोषमा पर्नेछ। [११]परमेश्वरले भन्नु भएको छ, "व्यभिचार नगर।" उनै परमेश्वरले भन्नु भएको छ, "हत्या नगर।" यसर्थ, यदि तिमीहरूले व्यभिचार गरेनौ तर तिमीहरूले कुनै व्यक्तिलाई मार्यौ भने पनि तिमीहरू परमेश्वरको व्यवस्था भङ्ग गरेका दोषी ठहरिन्छौ।

[१२]तिमीहरू त्यो नियमद्वारा जाँच गरिन्छौ, जुन नियमले मानिसहरूलाई मुक्त तुल्याउँछ। तिमीहरूले दैनिक बोल चाल र कर्ममा यस कुरोलाई याद राख्नुपर्छ। [१३]यदि तिमीहरू अरूलाई दया गर्न चुकेका छौ भने तिम्रो न्याय भइरहेको समयमा परमेश्वरले तिमीलाई दया दर्शाउनु हुन्न। तर त्यो मानिस जसले दया देखाउँछ, उसको न्याय गरिएको समयमा ऊ निर्भय भएर रहन सक्ने छ।

### विश्वास अनि असल कार्यहरू

[१४]मेरा प्रिय भाई-बहिनीहरू, यदि कुनै व्यक्तिले उसित विश्वास छ भन्छ तर केही गर्दैन, तब त्यो विश्वास बेकामको हो। त्यस्तो विश्वासले उसलाई बचाउँन सक्छ? अँहँ! [१५]परमप्रभु ख्रीष्टमा विश्वास गर्ने भाई वा बहिनीलाई बस्त्रहरू अनि भोजनको आवश्यक पर्न सक्छ। [१६]अनि त्यो व्यक्तिलाई तिमीहरू भन्छौ, "शान्ति साथ जाऊ। म आशा गर्छु तिम्रोमा गरम लुगाहरू र प्रशस्त भोजन छन्।" यद्यपि तिमीहरू उसको खाँचो पुरा गर्दैनौ, तिमीहरूका शब्दहरू अर्थहीन छन्। [१७]यो कुरा विश्वासको सम्बन्धमा पनि यस्तै हो। यदि विश्वासले केही गर्दैन भने त्यो

विश्वास मृत तुल्य हो किनभने त्यो विश्वास एक्लो भई मरेको हुन्छ।

१८एकजना व्यक्तिले भन्न सक्छ, "तिमीसँग विश्वास छ, तर ममा काम छ। जब तिम्रो विश्वासले केही काम गर्दैन भने तिम्रो विश्वासको प्रमाण गर। मेरो विश्वासले गरेको कामबाट म विश्वास प्रमाण गर्न सक्छु।" १९तिमीहरू विश्वास गर्छौ परमेश्वर एक हुनुहुन्छ। साँच्ची नै! तर भूतहरूले पनि विश्वास गर्छन्, अनि तिनीहरू भयले काँप्छन्।

२०तिमी मूर्ख व्यक्तिहरू! के तिमीहरूलाई प्रमाण दिनुपर्छ कि बिना कर्मको विश्वास बेकामे हो? २१अब्राहाम हाम्रा पूर्वज हुनुहुन्छ। जब तिनले आफ्नो छोरो इसहाकलाई परमेश्वर समक्ष बेदीमा चढाए, उनको कर्मबाट परमेश्वर अघि अब्राहामलाई धार्मिक बनाइयो। २२यसर्थ, तिमीहरू देख्छौ कि अब्राहामले विश्वास गरे अनि उनले गरेका कुराहरूको साथ साथ काम गरे। उनको कर्मले देखायो कि उनको विश्वास पूर्ण थियो। २३यसैले धर्मशास्त्रको अर्थ स्पष्ट झल्काउँछ "अब्राहामले परमेश्वरमाथि विश्वास गरे अनि परमेश्वरले अब्राहामको विश्वास स्वीकार गर्नुभयो अनि परमेश्वरले अब्राहामलाई धार्मिक मान्नु भयो।" अब्राहामलाई "परमेश्वरको मित्र मानिन्थ्यो।" २४यसरी तिमीहरूले देख्छौ कि एक मानिस उसले गरेका कर्मद्वारा परमेश्वरसित सही बन्दछ अनि उसको विश्वासबाट मात्र होइन।

२५अर्को उदाहरण छ राहाब। राहाब एक वैश्या थिइन्। तर उनको कर्मको कारणले, जब तिनले गुप्तचरहरू लुकाइन् अनि तिनीहरूलाई अर्कै बाटोबाट उम्कन सहायता गरिन्, परमेश्वरको अघि तिनी धार्मिक देखिइन्।

२६आत्मा बिनाको शरीर मृत-तुल्य हो। विश्वासको मूल्य पनि यस्तै हो। विश्वास जसले केही गर्दैन त्यो मृत-तुल्य हो।

### हामीले भनेका कुराको नियन्त्रण

३ १मेरा भाई अनि बहिनीहरू, तिमीहरूमध्ये धैरै शिक्षक हुनुहुँदैन। किनभने तिमीहरू जान्दछौ कि हामी जसले शिक्षा दिन्छौं अन्य मानिसहरू भन्दा कठिन प्रकारले जाँच गरिनेछौं।

२हामी सबैले अनेकौ गल्तीहरू गर्छौं। यदि कसैले कहिल्यै पनि कुवचन बोलेनौं भने त्यो पक्का मानिस बन्नेछ। ऊ आफ्ना सम्पूर्ण शरीरलाई नियन्त्रणमा राख्न समर्थ हुनेछन्। ३घोडालाई नियन्त्रणमा राख्न, हामी लगाम लगाइदिन्छौ। घोडाहरूका मुखमा लगाइएको लगामले हामी तिनीहरूको सम्मूर्ण शरिरलाई अधीनमा राख्न सक्छौ। ४जहाजहरू पनि यस्तै हुन्छन्। जहाज अत्यन्त विशाल हुन्छ अनि यसलाई शक्तिशाली वायुले धकेल्छ। तर सानो पतवारले विशाल जहाजलाई नियन्त्रण गर्छ। अनि नाविकले जहाज कता जानुपर्नेहो निर्णय गर्छ। ५हाम्रो जिब्रो पनि यस्तै हो। यो शरीरको एक सुक्ष्म अङ्ग हो। तर यसले महान् कुराको गर्व गर्छ।

एउटा सानो फिलुंगोले बन सखाप पार्न सक्छ। ६जिब्रो आगोको फिलुंगो जस्तै हो। हाम्रो शरीरका अंशहरू मध्ये यो दुष्टताको संसार हो। जिब्रोले सारा शरीर नष्ट पार्छ। यसले हाम्रो सम्पूर्ण अस्तित्व नै ध्वंश पार्न सक्छ र नरकको आगोमा त्यो जल्छ।

७मानिसहरूले हरेक किसिमका जङ्गली पशु चरा-चुरूङ्गीहरू, घस्रने प्राणीहरू अनि सामुद्रिक प्राणीहरू तह लगाउन सक्छन्। मानिसहरूले यी सबै प्राणीहरूलाई तह लगाएका छन्। ८कसैले कहिल्यै जिब्रोलाई नियन्त्रण गर्न सकेको छैन। यो जंगली अनि दुष्ट हुन्छ। जिब्रो बिषले भरिपूर्ण हुन्छ जसले मार्न सक्छ। ९हामी हाम्रा जिब्रोलाई हाम्रो परमप्रभु अनि पिताको स्तुतिमा उपयोग गर्छौं। अनि अझै त्यही जिब्रोले हामी मानिसहरूलाई सराप्छौं जसलाई परमेश्वरको स्वरुपमा बनाइएको छ। १०स्तुति अनि सराप एउटै मुखबाट निस्कन्छन्। मेरा भाई अनि बहिनीहरू, यस्तो हुनुहुँदैन। ११के पानीको मूल एउटै मिठो र तितो पानी एकैचोटी बग्छ? अँहँ। १२मेरा दाज्यू भाई अनि दिदी बहिनी हो, के नेभाराको बोटमा भद्राक्ष फल्न सक्छ? सक्तैन। के अङ्गूरघारीमा नेभारा फल्छ? फल्दैन। तब, के नुनिलो कुवाबाट मिठो पानी निस्कन सक्दैन।

### साँचो ज्ञान

१३यहाँ तिमीहरू माझ कुनै यस्तो मानिस छ जो ज्ञानी अनि बुद्धिमान छ? तब उसले ठीकसित बसेर आफ्नो ज्ञानको प्रमाण दिनुपर्छ। उसले ज्ञानबाट आउने नम्रतासित काम गर्नुपर्छ। १४यदि तिमीहरू स्वार्थी छौ अनि तिम्रो हृदय ईर्ष्या पूर्ण छ भने तिमीले तिम्रो ज्ञान बारेमा गर्व गर्ने केही कारण नै छैन। तिम्रो गर्व गराई झूटो सिवाय केही पनि होइन। १५यस किसिमको "ज्ञान" माथिका परमेश्वरबाट आउँदैन। यो "ज्ञान" संसारबाट आउँछ। त्यो आध्यात्मिक होइन, त्यो शैतानबाट हो। १६जहाँ इर्ष्या अनि स्वार्थ छ त्यहाँ अब्यवस्थित अनि हरेक किसिमको दुष्टाईँ हुन्छन्। १७तर ज्ञान जो माथिका परमेश्वरबाट आउँछ त्यो यस्तो हुन्छ प्रथम त्यो शुद्ध हुन्छ। त्यो शान्तिमय नम्र र तर्क संगत

हुन्छ। यो ज्ञान सर्वदा जो मानिसहरू समस्यामा छन् तिनीहरूलाई सहायता गर्न सधैँ तत्पर रहन्छ अनि अन्य मानिसहरूको लागि उपकार गर्ने हुन्छ। यो ज्ञान सदैव निष्पक्ष अनि इमान्दार हुन्छ। [१८]मानिसहरू जो शान्तिको निम्ति शान्तिसाथ कार्य गर्छन् तिनीहरूले धार्मिकताको फसल बटुल्छन्।

### परमेश्वरमा समर्पण

४ [१]के तिमीहरूलाई तिमीहरूको झगडा र लडाईंको श्रोत थाहा छ? तिमीहरूका झगडा अनि बहसहरू स्वार्थपूर्ण इच्छाहरूबाट आउँछ जसले अन्तमा द्वन्द मच्चाउँछ, [२]तिमीहरू चाहन्छौ तर पाउँदैनौ जे तिमीहरू चाहन्छौ। यसर्थ तिमीहरू हत्या गर्छौ अनि अन्य मानिसहरू प्रति इर्ष्या गर्ने हुन्छौ। तैपनि जे इच्छा गर्छौ तिमीहरूले पाउँदैनौ। तिमीहरू झन बहस् गर्छौ अनि जुझ्छौ। तिमीहरूले इच्छा गरेको बस्तुहरू पाउँदैनौ किनभने तिमीहरूले परमेश्वरसित माँग्दैनौ। [३]अथवा, जब तिमीहरू माग्छौ तिमीहरूले पाउँदैनौ। किनभने तिमीहरूको माँग्ने तरिका गलत छ। तिमीहरू बस्तु चाहन्छौ केवल आफ्नै आनन्दको निम्ति।

[४]अविश्वासनीय मानिस तिमीहरू यो संसारलाई माया गर्नु परमेश्वरलाई घृणा गर्नु जस्तै हो। यसर्थ यदि कोही मानिस संसारको मित्र हुन चाहन्छ भने उसले आफैलाई परमेश्वरको शत्रु तुल्याउँछ। [५]के तिमीहरू धर्मशास्त्रलाई बेकामे ठान्छौ? यसले भन्छ, "हामीमा परमेश्वरले राख्नु भएका आत्माको निम्ति उहाँ तिव्र डाह राख्नुहुन्छ।" [६]तर परमेश्वरको दया जो हामीलाई दिइएको छ, त्यो महान् छ। धर्म शास्त्रले भनेको जस्तै, "घमण्डी मानिसहरूको विरुद्ध परमेश्वर हुनुहुन्छ, तर उहाँले ती मानिसहरूलाई दया प्रदान गर्नुहुन्छ जो बिनम्र छन्।"

[७]यसर्थ तिमीहरू स्वयंलाई परमेश्वरमा अर्पण गर। शैतानको बिरोध गर, अनि तिमीहरूदेखि शैतान भाग्नेछ। [८]परमेश्वरको नजिक आऊ अनि परमेश्वर तिमीहरूको नजिक आउनु हुनेछ। तिमीहरू पापी हौ। यसर्थ तिमीहरूको जीवनदेखि पाप धोऊ। जब तिमीहरू दुवै परमेश्वरको अनि संसारको सेवा गर्छौ तिमीहरूको दुईवटा मन छ। यसर्थ तिमीहरूको विचार शुद्ध तुल्याऊ। [९]उदास बन, दुःखी बन अनि विलाप गर। तिमीहरूको हाँसोलाई रोदनमा परिणत गर। तिमीहरूको खुशीलाई अफसोसमा परिवर्त्तन गर। [१०]परमप्रभुको सामुन्ने बिनम्र बन अनि उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ।

### तिमीहरू न्यायधीश हौइनौ

[११]भाई अनि बहिनीहरू, एक अर्काको विरुद्ध केही पनि नभन। जब तिमीहरू ख्रीष्टमा विश्वासी भाईलाई जाँच्छौ, तब तिमीहरू उनले अनुशरण गरेको नियम जाँच गरिरहेछौ। अनि जब तिमीहरू नियमको जाँच गरिरहेका हुन्छौ, तिमीहरू नियम अनुशरण गर्ने हुँदैनौ। तर तिमीहरू व्यवस्थाको न्यायकर्त्ता भयौ। [१२]परमेश्वरले मात्र नियमहरू बनाउनुहुन्छ। उहाँमात्र न्यायधीश हुनुहुन्छ। केवल परमेश्वरमात्र हुनुहुन्छ जसले बचाउँन अनि नाश गर्न सक्नुहुन्छ। यसर्थ अन्य  व्यक्तिको न्याय गर्नु तिमीहरूका निम्ति उचित हुँदैन।

### परमेश्वरले तिम्रो जीवनमा योजना गरुन्

[१३]तिमीहरू कसैले भन्छौ, "आज अथवा भोलि हामी कुनै नगरमा जानेछौं। हामी त्यहाँ बर्ष दिन बस्छौं ब्यापार गर्छौं अनि पैसा कमाउँछौं।" सुन! यस बिषयमा सोच [१४]भोलि के हुनेछ तिमीहरू जान्दैनौ। तिमीहरूको जीवन बाफ जस्तो छ। त्यसलाई तिमीहरू क्षण-भरको निम्ति देख्न सक्छौ, तर त्यसपछि त्यो हराइहाल्छ। [१५]यसर्थ तिमीहरूले भन्नुपर्छ, "यदि परमप्रभुले चाहनुहुन्छ भने हामी जीवित रहनेछौ अनि यो वा त्यो गर्नेछौं।" [१६]तर अहिले तिमीहरू घमण्डी छौ अनि तिमीहरू घमण्ड गर्छौं। यी सब घमण्ड गराई भूल हो। [१७]अनि जब एक व्यक्तिले भलाई गर्न जान्दछ, तर भलाई गर्दैन, भने उसले पाप गरिरहेछ।

### स्वार्थी धनी मानिसहरूलाई चेतावनी

५ [१]तिमी धनी मानिसहरू, सुन! विलाप गर अनि अत्यन्त शोकाकुल बन किनभने तिमीहरूमाथि अनेक आपतहरू आई पर्नेछ। [२]तिमीहरूको धन नष्ट हुनेछ अनि बेकार हुनेछ। तिमीहरूको वस्त्रहरू कीराले खानेछ। [३]तिमीहरूका सुन चाँदीमा कस लाग्नेछ अनि त्यो कसले तिमीहरूको विरोधमा साँक्षी दिनेछ। त्यो कसले तिमीहरूको शरीरलाई आगोले झै खानेछ। तिमीहरूले सम्पती आखिरी दिनमा सन्चितगरेका छौ। [४]मानिसहरूले तिमीहरूको खेतमा काम गरे, तर तिमीहरूले तिनीहरूलाई ज्याला दिएनौ। ती मानिसहरू तिमीहरूको विरुद्ध आवाज गरिरहेछन्। ती मानिसहरूले तिमीहरूको फसलहरू काटे। अहिले तिनीहरूले कराएको आवाज स्वर्गका परमप्रभुको सेनाहरूले सुने।

[५]पृथ्वीमा तिमीहरूको जीवन सम्पतिले सम्पन्न जीवन थियो। तिमीहरूले, आफूले चाहेका हरेक बस्तुद्वारा स्वयंलाई

खुशी तुल्यायौ। तिमीहरू स्वयंले मार्नको निम्ति तयार पारेको
मोटो पशु जस्तो तुल्यायौ। ६तिमीहरूले निर्दोष मानिसहरूको
भर्त्सना गर्यौ, र मारी दियौ कसैले प्रतिरोध गरेनन्।

### धैर्य धारण गर

७दाज्यू-भाई अनि दिदी बहिनीहरू, धैर्य धारण गर, प्रभु येशू
आउनुहुँदैछ। यसर्थ, त्यस समय सम्म धैर्य- धारण गर। कृषकहरू
खुबै धैर्यवान छन्। कृषकले बहुमूल्य अन्न भूमिबाट उम्रनका
निम्ति प्रतीक्षा गर्छ। कृषकले धैर्य साथ आफ्ना फसलले प्रथम
बृष्टि अनि अन्तिम बृष्टि प्राप्त नगरून्जेल प्रतीक्षा गर्छ। ८तिमीहरू
धैर्यवान हुनुपर्छ। आशा नमार। प्रभु येशू चाँडै आउनुहुँदैछ।
९दाज्यू-भाई अनि दिदी-बहिनीहरू, एक अर्काको विरुद्ध
नगनगनाऊ। यदि तिमीहरूले अरूको विरुद्धमा गनगनगर्न
छाडेनौ भने तिमीहरू दोषी ठहरिने छौ। यादगर न्यायकर्ता आउँदै
हुनुहुन्छ।
१०दाज्यू-भाई अनि दिदी-बहिनीहरू, अगमवक्ताहरूलाई
अनुशरण गर जसले परमप्रभुको निम्ति बोले। तिनीहरूले
अनेक अप्ठ्यारो परिस्थितिको सामना गरे तर तिनीहरूले धैर्य
धारण गरे। ११हामी तिनीहरूलाई खुशी ठान्छौ जसले धैर्यपूर्वक
अप्ठ्यारो परिस्थितिको सामना गरे। तिमीहरूले अय्यूबको
धैर्यको बारेमा सुनेका छौ। तिमीहरूलाई थाहा छ, अय्यूबले
सबै यातना सामना गरे पछि परमप्रभुले तिनलाई सहायता गर्नु
भयो। यसले यो झल्काउँछ कि परमप्रभु दयामयी अनि कृपामयी
हुनुहुन्छ।

### तिमी जो भन्छौ त्यसमा होशियार बन

१२मेरा दज्यू-भाई औ दिदी-बहिनीहरू, जब केही गर्न वचन
दिन्छौ, तिमीहरूले कसम खानु हुँदैंन। तिमीहरूको वचन प्रमाण
गर्न स्वर्ग, पृथ्वी अथवा कुनै चीजको नाउँको उपयोग नगर। जब
तिमी बुझ्छौ हो, भने केवल "हो" मात्र भन। यदि तिमी बुझ्छौ
होइन, भन्ने "होइन" मात्र भन। त्यो गर ताकि तिमीहरू दोषी
ठहरिने छैनौ।

### प्रार्थनाको शक्ति

१३यदि तिमीहरू मध्ये एक जनाले कष्टहरू भोगिरहेको छ भने
उसले प्रार्थना गर्नुपर्छ अनि यदि तिमीहरू मध्ये एकजना सुखी छ
भने, उसले गीतहरू गाउनु पर्छ। १४यदि तिमीहरू मध्ये एकजना
बिरामी छ भने, उसले मण्डलीका अग्रजहरूलाई बोलाउनु
पर्छ। अग्रजहरूले उसलाई परमप्रभुको नाउँमा तेल मालिस
गरिदिनु पर्छ अनि तिनीहरूले उसको निम्ति प्रार्थना गरिदिनु
पर्छ। १५विश्वाससित गरेको प्रार्थनाले बिमारीमा निको पार्छ।
परमप्रभुले उसलाई निको पार्नुहुन्छ। अनि यदि त्यो व्यक्तिले
पाप गरेको भए परमेश्वरले उसलाई क्षमा प्रदान गर्नुहुनेछ।
१६सधैं तिमीहरू एक अर्कामा पाप स्वीकार गर। तब
एक अर्काको निम्ति प्रार्थना गर। यसो गर, तब परमेश्वरले
तिमीहरूलाई निको पार्नुहुन्छ। धार्मिक मानिसको प्रार्थना
शाक्तिशाली र प्रभावशाली हुन्छ। १७एलिया पनि हामी जस्तै
मानिस थिए। तिनले पानी नपरोस् भनी, गम्भीरता पूर्वक प्रार्थना
गरे, त्यस भूमिमा तीन बर्ष सम्म पानी परेन। १८तब एलियाले
पानी परोस् भनी प्रार्थना गरे। अनि आकाशबाट पानी पर्यो अनि
भूमिले फेरि फसल उमार्यो।

### आत्माहरू बँचाऊ

१९मेरा दाज्यू-भाई अनि दिदी-बहिनीहरू, तिमीहरू मध्ये
एकजना सत्यदेखि बरालीन सक्छौ। अनि अर्को व्यक्तिले
उसलाई सत्यतर्फ फर्की आउन सहायता गर्न सक्छ। २०यसलाई
स्मरण गर कुनै मानिस जसले एक पापीलाई नराम्रो मार्गबाट
फर्काई ल्याउँछ, उसले त्यस पापीको आत्मालाई मृत्युबाट
बचाउनेछ। यसो गरेर त्यस व्यक्तिले धेरै पापहरू प्रति क्षमा
प्राप्त गराउनेछ।


उत्तरपश्चिम तिरबाट जैतुन डाँडा